**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE 08.10.2023**

**एमओएसः सिएम मिटिङ**

केन्द्रीय गृह राज्य मन्त्री श्री अजय कुमार मिश्राले आज बिहान मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित भेट गर्नुभयो। भेटघाटका बेला दुवै नेताहरूले राज्यमा बाढीले पुर्याएको क्षतिबारे विस्तृत रूपमा चर्चा गर्नुभयो। श्री तामङले आपदाको समयमा राज्य भ्रमण गर्नुभएकोमा श्री मिश्रप्रति कृतज्ञता प्रकट गर्नुभयो। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री श्री अमित शाहको मार्गदर्शनमा केन्द्रबाट शीघ्र प्रतिक्रि. प्राप्त भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो।

मुख्यमन्त्रीले राज्यमा राहत तथा उद्धार कार्यका लागि राष्ट्रिय र राज्य आपदा प्रतिक्रिया बललाई अग्रिम बजट तत्काल जारी गरिएकोमा पनि आभार प्रकट गर्नुभयो। उहाँले पाँच मन्त्रालयका वरिष्ठ अधिकारीहरू सामेल रहेका अन्तर मन्त्रालय टीम गठन गरिएकोमा केन्द्र सरकारलाई धन्यवाद दिनुभयो। केन्द्रीय राज्य मन्त्री श्री अजय कुमार मिश्रले भन्नुभयो केन्द्र सरकार राज्यमा सामान्य स्थिति कायम गर्नका लागि यथासम्भव सहयोग गर्न वचनवद्ध छ।

त्यसपछि श्री मिश्रले आज दिँउसो मंगन जिल्ला अन्तर्गत नागामा बाढी ग्रस्त क्षेत्रहरूको भ्रमण गर्नुभयो। बाढीले गर्दा विच्छिन्न रहेका क्षेत्रहरूमा फँसेका मानिसहरूलाई राहत प्रदान गर्ने र उनीहरूको उद्धारलाई प्रथमिकता दिनुपर्ने आवश्यकतामाथइ जोड़ दिँदै पिढीतहरूलाई सबै प्रकारको सहायता प्रदान गर्ने आश्वासन दिनुभयो। केन्द्रीय गृह राज्य मन्त्रीले भन्नुभयो प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राज्यको स्थितिमाथि लगातार ध्यान दिइरहनुभएको छ। यसअघि आज बिहान एक बजेर पैंतिस मिनटमा राष्ट्रिय आपदा प्रतिक्रिया बल एनडिआरएफ को वाइस सदस्यीय टोली गान्तोक आइपुग्यो। प्रभावित क्षेत्रहरूको भ्रमण गरेर राहत तथा बचाउ अभियानका लागि मंगन प्रस्थान भयो।

**सिएम**

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज लोवर जंगुलाई जोड़ने पूर्ण रूपले क्षतिग्रस्त फिदाङ पुल स्थल डिक्चु नजीकैका प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। उहाँसित अन्य वाहेक मन्त्री श्री कुंगा निमा लेप्चा र जंगुका विधायक श्री पिन्छो नाम्गेल लेप्चा पनि जानुभएको थियो। प्रभावित क्षेत्रका मानिसहरूसित कुराकानी गर्दै श्री तामङले वित्तीय सहायता र सम्पत्ति तथा पूर्वाधारको क्षतिका लागि क्षतिपूरण उपलब्ध गराउने आश्वासन दिनुभयो। मुख्यमन्त्रीले घर क्षतिग्रस्त हुने फिदाङका सात र माङशिलाका पाँच परिवारहरूलाई तत्काल राहत स्वरूप पचास पचास हजार रूपियाँ हस्तान्तरण गर्नुभयो।

उनीहरूलाई केही दिनपछि मुख्यमन्त्री राहत कोषबाट एक एक लाख रूपियाँ दिइनेछ।। श्री तामङले फिदाङ र ब्रिङवाङेका राहत शिविरहरूका लागि पनि सहायता प्रदान गर्नुभयो। उहाँले टिस्टा फिदाङ नदीमा बाँसको पुल निर्माण गर्न लुम गोर साङतोक ग्राम पञ्चायत इकाइका पञ्चायतहरूलाई तीन लाख रूपियाँ हस्तान्तरण गर्नुभयो। मुख्यमन्त्रीले एनएचपिसी टिस्टा चरण पाँच बाँध स्थल क्षेत्रमा लुमका पञ्चायत र पिड़ित व्यक्तिहरूसित भेट गर्नुभयो। श्री तामङ साम्दुङ स्थित स्वर्गीय दावा लेप्चाको घर पनि जानुभयो र शोक सन्तप्त परिवारप्रति सम्वेदना व्यक्त गर्नुभयो।प्रकोपको समय एनएतपिसी बाँधमा ड्यूटीमा रहँदा उनको निधन भएको थियो।

## सि एस मिटिङ

राज्यमा हालै टिस्टा जलप्रलयले भएको भीषण आपदालाई ध्यानमा राखेर क्षेत्र-क्षेत्रको क्षति र कोषको आवश्यकता पूरा गर्न राष्ट्रिय आपदा प्रतिक्रिया कोष थप वित्तीय सहायताको माँग गर्नका लागि अन्तरिम ज्ञापनपत्रबारे विचार विमर्श गर्न गान्तोकको टाशीलिङ सचिवालयमा आज एउटा बैठक बस्यो। मुख्यसचिव श्री विजय भूषण पाठकले अध्यक्षता गर्नुभएको बैठकमा पुलिस महा निदेशक श्री ए. के सिंह, विभिन्न विभागका प्रमुख र अधिकारीहरू उपस्थित थिए। यसमा अन्तर मन्त्रालय केन्द्रीय टीमको भ्रमणको आधारमा हुने लेखाजोखा र अतिरिक्त वित्तीय सहायताको मांग सम्वन्धी मानदण्डहरूबारे चर्चा भयो। अन्तरमन्त्रालय टोली आज आइपुग्ने आशा छ। मुख्यसचिवले केन्द्रको यो टीम र राज्यको सम्वन्धित विभागहरूका प्रमुखहरूसित भोलि बिहान संक्षिप्त बैठक गर्नुहुनेछ।

## डेथ टोल

सिक्किम राज्य आपदा प्रवन्धन प्राधिकरण अनुसार यसै महीना चार तारीक ल्होनाक हिमशील फुटेर टिस्टा नदीमा अचानक आएको बाढ़ीमा ज्यान गुमाउनेहरूको संख्या बढ़ेर 33 पुगेको छन्। मृतकहरूमा नौजना सेना कर्मी छन् र एकसय पाँचजना अझै लापता छन्। बाढ़ीले गर्दा तेह्र सय बीस घरहरू गम्भीर रूपले क्षतिग्रस्त भएका छन्। अहिलेसम्म पच्चसी सय त्रिसाठी जनालाई बचाइएको छ भने छब्बीस जना घाइते भएका छन्। लगभग सात हजार पच्चीस जनाले तीसवटा राहत शिविरहरूमा शरण लिएका छन्।

बाढ़ीले तेह्र वटा पुल बगाएको छ। भारत तिब्बत सीमा पुलिस आईटिबिपी ले हिजो चुङथाङमा छप्पन्न जनालाई वाचयो। यीमध्ये वाउन्नजना पुरूष र चार महिला छन्।

## चुङथाङ टेम्पेरेरी ब्रिज

चुङथाङमा एउटा अस्थायी बाँसको पुल निर्माण गरिएको छ।चुङथाङलाई पेगोङसित जोड़ने यस पुलले चुङथाङमा फँसेका पर्यटकहरू र स्थानीय मानिसहरूलाई त्यहाँबाट अन्यत्र लैजानमा सुविधा हुनेछ। सेनाले पनि अर्को एउटा पुल निर्माण गरिरहेको जानकारी प्राप्त भएको छ।

## टुरिस्ट रेस्क्यु

पर्यटन तथा नागरिक उड्डयन विभागबाट प्राप्त जानकारी अनुसार दसजना घरेलु पर्यटकहरूलाई चुङथाङबाट उद्धार गरिएको छ। यी पर्यटकहरूलाई पहिले राङगाङ र त्यसपछि गान्तोक ल्याइयो। उनीहरू सुरक्षित रूपमा सिलगढ़ी पुगेको बताइन्छ।